प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

# प्रदेश निजामती सेवाको कृषि सेवा, (मत्स्य, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह) र स्थानीय सेवाको कृषि सेवा (भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह) सहायकस्तर पाँचौ तह, पशु स्वास्थ्य प्राविधिक र पशु सेवा प्राविधिक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम र परीक्षा योजना

पाठ्यक्रमको रूपरेखाः संयुक्त र एकीकृत परीक्षा प्रणाली (Unified & Integrated Examination System) को आधारमा यस पाठ्यक्रम योजनालाई निम्नानुसार दुई चरणमा विभाजन गरिएको छ।

| परीक्षाको चरण | परीक्षाको किसिम | पूर्णाङ्क |
|---|---|---|
| प्रथम चरण | लिखित परीक्षा (Written Examination) | २०० |
| अन्तिम चरण | कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० |
| | अन्तर्वार्ता (Interview) | ३० |

## परीक्षा योजना (Examination Scheme)

### १. प्रथम चरणः लिखित परीक्षा (Written Examination) पूर्णाङ्कः २००

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्याxअङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन (General awareness & Public management) | १०० | ४० | वस्तुगत (Objective) | बहुवैकल्पिक प्रश्न (MCQs) | २०x२=४० | ४५ मिनेट |
| | सेवा सम्बन्धी ज्ञान (Service Based knowledge) | | | | | ३०x२=६० | |
| द्वितीय | प्राविधिक विषय (Technical Subject) | १०० | ४० | विषयगत (Subjective) | छोटो उत्तर<br>लामो उत्तर | १२x५=६०<br>४x१०=४० | २ घण्टा १५ मिनेट |

### २. अन्तिम चरणः कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता पूर्णाङ्कः ४०

| पत्र/विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill test) | १० | प्रयोगात्मक (Practical) |
| अन्तर्वार्ता (Interview) | ३० | मौखिक (Oral) |

द्रष्टव्यः

१. यस पाठ्यक्रम योजनालाई प्रथम चरण र अन्तिम चरण गरी दुई चरणमा विभाजन गरिएको छ।
२. प्रश्नपत्रको भाषा नेपाली वा अङ्ग्रेजी वा नेपाली र अङ्ग्रेजी दुवै हुन सक्नेछ।
३. परीक्षाको भाषा नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुन सक्नेछ।
४. खुला र समावेशी समूहको एउटै प्रश्नपत्रबाट परीक्षा सञ्चालन हुनेछ।

५. प्रथम पत्र र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ। दुवैपत्रको परीक्षा एकैदिनमा वा छुट्टाछुट्टै दिनमा लिन सकिनेछ।

६. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

७. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा मोवाईल फोन, स्मार्ट वाच, क्याल्कुलेटर जस्ता सामग्रीहरु प्रयोग गर्न पाइने छैन।

८. विषयगत प्रश्नहरुको हकमा तोकिएको अङ्कमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिनेछ।

९. परीक्षामा सोधिने प्रश्नसंख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ।

१०. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक भाग/खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्। परीक्षार्थीले प्रत्येक भाग/खण्डका प्रश्नहरुको उत्तर सोही भाग/खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

११. यस पाठ्यक्रम अनुसारका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगावै संशोधन भई कायम रहेका विषयवस्तुलाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

१२. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

१३. प्रथम चरणको लिखित परीक्षाको प्राप्ताङ्क र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्कको आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

१४. यस भन्दा अगाडि लागू गरिएको माथि उल्लेखित सेवा, समूहको पाठ्यक्रम खारेज गरिएको छ।

१५. पाठ्यक्रम लागू हुने मितिः २०८१।०९।२२

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको कृषि सेवा, (मत्स्य, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह) र स्थानीय सेवाको कृषि सेवा (भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह) सहायकस्तर पाँचौ तह, पशु स्वास्थ्य प्राविधिक र पशु सेवा प्राविधिक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

प्रथम पत्र (Paper I): सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन तथा सेवा सम्बन्धी ज्ञान

भाग (Part I):

सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन

(General awareness & Public management)

Section -A (१० प्रश्न × २अङ्क= २० अङ्क)

१. सामान्य ज्ञान (General Awareness)

१.१. नेपालको भौगोलिक अवस्था, प्राकृतिक स्रोत र साधनहरु

१.२. कर्णाली प्रदेशको ऐतिहासिक, सांस्कृतिक र सामाजिक अवस्था सम्बन्धी जानकारी

१.३. कर्णाली प्रदेशको आर्थिक अवस्था र चालु आवधिक योजना सम्बन्धी जानकारी

१.४.मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विज्ञान र प्रविधिका महत्त्वपूर्ण उपलव्धिहरु

१.५. जैविक विविधता, दिगो विकास, वातावरण प्रदुषण, जलवायु परिवर्तन र जनसङ्ख्या व्यवस्थापन

१.६. नेपालको संविधान (भाग १ देखि भाग ५ सम्म र अनुसूचीहरु)

१.७. संघ, प्रदेश र स्थानीय तहको शासन व्यवस्था सम्बन्धी जानकारी

१.८.संयुक्त राष्ट्र संघ, सार्क, बिमस्टेक सम्बन्धी जानकारी

१.९.राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका समसामयिक गतिविधिहरु

Section –B (१० प्रश्न×२अङ्क= २०अङ्क)

२. सार्वजनिक व्यवस्थापन (Public management)

२.१. कार्यालय व्यवस्थापन

२.१.१ कार्यालयः परिचय, महत्त्व, कार्य र प्रकार

२.१.२ सहायक कर्मचारीका कार्य र गुणहरु

२.१.३ कार्यालय स्रोत साधनः परिचय र प्रकार

२.१.४ कार्यालयमा सञ्चारको महत्त्व, किसिम र साधन

२.१.५ कार्यालय कार्यविधिः पत्र व्यवहार, दर्ता र चलानी, फाइलिङ, परिपत्र, तोक आदेश, टिप्पणी लेखन

२.१.६ अभिलेख व्यवस्थापन

२.२. प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐनमा भएका व्यवस्थाहरु

२.२.१ निजामती सेवाको गठन, संगठन संरचना, पदपूर्ति गर्ने तरिका र प्रक्रियाहरु

२.२.२ कर्मचारीको नियुक्ति, सरुवा, वढुवा, बिदा, विभागीय सजाय र अवकाश

२.२.३ कर्मचारीले पालना गर्नुपर्ने आचरण, नैतिक दायित्त्व र कर्तव्यहरु

२.३. सार्वजनिक सेवा प्रवाहको अर्थ, सेवा प्रवाह गर्ने निकाय, तरिका र माध्यमहरु

२.४. मानव अधिकार, सुशासन र सूचनाको हक सम्बन्धी सामान्य जानकारी

२.५. सार्वजनिक वडापत्र

२.६. कानूनी शासन र कर्मचारीतन्त्र

## भाग (Part II):

### सेवा सम्बन्धी ज्ञान (Service Based Knowledge) (३० प्रश्न×२अङ्क= ६० अङ्क)

१. पशुपन्छी तथा मत्स्य सेवा सम्बन्धी ज्ञान तथा कानूनी व्यवस्था

१.१. नेपालको संविधानमा कृषि तथा खाद्यसम्बन्धी व्यवस्था

१.२. स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएका कृषि तथा पशुपन्छी सम्बन्धी व्यवस्थाहरु

१.३. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र नियमावली, २०८० तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र नियमावली, २०८१ मा कर्मचारीको आचरण, विदा र सजाय सम्बन्धी व्यवस्था

१.४. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र नियामावली, २०५६

१.५. पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ र नियमावली, २०५७

१.६. दाना पदार्थ ऐन, २०३३ र नियमावली, २०४१

१.७. एक स्वास्थ्य रणनीति, २०७६

१.८. संघ, प्रदेश र स्थानीय तहका पशु सेवासँग सम्बन्धित संगठन संरचना

१.९. कर्णाली प्रदेशको चालु आवधिक योजनामा पशुपन्छी तथा मत्स्य पालन सम्बन्धी व्यवस्था

१.१०. पशुपन्छी तथा मत्स्य विकास कार्यक्रममा ऋण लगानी र बीमा सम्बन्धी व्यवस्था

१.११. पशु सेवा प्रसारको तरिका, महत्व, सीमितता र प्रभावकारीता

१.१२. पशुपन्छी तथा मत्स्य विकासमा समूह पद्धति प्रकृया र कार्यान्वयन तथा अगुवा कृषक छनौटको आधार

१.१३. कर्णाली प्रदेशमा रहेका पशुपन्छीहरुको तथ्याङ्क

२. भेटेरीनरी

२.१. आन्तरिक परजिवी (Internal Parasite): नाम्ले जुका (liver fluke), गोलो जुका (Round Worm), फित्ते जुका (Tape worm), कक्सिडियोसिस (Coccidiosis), रक्त परिजीवि (Blood protozoan diseases) का प्रमुख लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.२. बाह्य परजीवी (External Parasite): किर्ना (Tick), जुम्रा (Lice), उपियाँ (Fleas) तथा लुतो (Mange) का प्रमुख लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.३. प्रमुख जिवाणुजन्य रोगहरु (Bacterial Diseases): भ्यागुते रोग (Haemorrhagic Septicaemia), पटकेरोग (Anthrax), चरचरे रोग (Black-Quarter), इन्टेरोटोसेमिया (Entertoxemia), थुनेलो (Mastitis), क्षयरोग (Tuberculosis)कोलिव्यासिलोसिस (Colibacillosis), कुखुराको हैजा (Fowl Cholera), पुल्लोरम (Pullorum), खुर कुहिने रोग (Foot Rot), ब्रुसेलोसिस (Brucellosis) तथा माइकोप्लाज्मोसिस (Mycoplasmosis) का लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.४. प्रमुख विषाणुजन्य रोगहरु (Viral Diseases): पि.पि.आर (PPR), एभियन ईन्फ्लुएन्जा (Avian Influenza), खोरेत (Foot & Mouth Disease), लम्पि स्किन रोग (Lumpy Skin Disease), रेविज (Rabies), स्वाईन फिभर (Swine Fever), कुखुराको विफर (Fowl Pox), गम्बोरो (Gumboro), रानीखेत (Ranikhet) तथा म्यारेक्स रोग (Mareks Disease) का लक्षण, निदान, उपचार तथा रोकथाम

२.५. निम्न प्रजनन सम्बन्धी विकृतिः कारण, लक्षण, उपचार तथा रोकथाम

२.५.१. साल नझर्ने (Retention of Placenta)

२.५.२. तुहिने (Abortion)

२.५.३. डिस्टोकिया (Dystokia)

२.५.४. बाँझोपन (Infertility)

२.६. जुनोटिक रोगहरु (Zoonotic diseases): दुधबाट सर्ने रोगहरु र मासुबाट सर्ने रोगहरु

२.७. पशुपन्छीमा भिटामिन र खनिजको कमीबाट हुने रोगहरु

२.८. गाइ भैंसीका मेटाबोलिक (Metabolic) रोगहरुः Milk fever, Ketosis र Downers cow syndrome

२.९. ढुसि तथा ढुसि जन्य पर्दाथबाट हुने रोगहरु

२.१०. पशुपन्छीको नमुना संकलन, संरक्षण, कोडिङ तथा प्रयोगशालामा पठाउने विधि

२.११. आधारभूत प्रयोगशाला उपकरणहरु तथा निर्मलीकरणका तरीकाहरु

२.१२. Epidemiological Reporting बारे जानकारी

२.१३. पाचन प्रणालीसंग सम्बन्धित रोगहरु (पखाला, अपच, कब्जियत, पेट ढाडिने, रुमेन एसिडोसिस)

३. लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट

३.१. गाईका जातहरु, शारीरिक तथा उत्पादन विशेषताहरु

३.१.१. स्थानीय जातः अच्छामी, सिरी, लुलु, पहाडी गाई र चौरी

३.१.२. उन्नत जातः जर्सी, होलिस्टन फ्रिजियन, ब्राउन स्वीस र हरियाना

३.२. भैंसीका जातहरु, शारीरिक तथा उत्पादन विशेषताहरु

३.२.१. स्थानीय जातः लिमे, पारकोटे र गड्डी

३.२.२. उन्नत जातः मुर्रा

३.३. बाख्राका जातहरु, शारीरिक तथा उत्पादन विशेषताहरु

३.३.१. स्थानीय जातः च्याँग्रा, सिन्हाल, खरी र तराई बाख्रा

३.३.२. उन्नत जातः जमुनापारी, वोयर, बारबरी र सानन्,

३.४. भेडाका जातहरु, शारीरिक तथा उत्पादन विशेषताहरु

३.४.१. स्थानीय जातः भ्याङ्गलुङ्ग, बरुवाल, कागे र लामपुच्छ्रे

३.४.२. उन्नत जातः रामबुलेट, पोलवर्थ र मेरिनो

३.५. सुंगुरका जातहरु, शारीरिक तथा उत्पादन विशेषताहरु

३.५.१. स्थानीय जातः च्वाँचे, हुर्रा र बामपुड्के

३.५.२. उन्नत जातः ल्याण्डरेस, योर्कशायर, ह्याम्पशायर र ड्युरक

३.६. कुखुराका जातहरु, शारीरिक तथा उत्पादन विशेषताहरु

३.६.१. स्थानीय जातः साकिनी, घाँटी खुइले र प्वाँख उल्टे

३.६.२. उन्नत जातः न्यू हेम्पशायर, अष्ट्रालोर्प, ब्रोइलर, लेयर्स र गिरीराज

३.७. पोथी पशुमा भाले खोजेको लक्षण तथा प्रजनन् गराउने उपयुक्त समय

३.८. पशुपन्छीको प्रजनन् प्रणाली, ऋतु चक्र, प्रजननका लागि छनौट तथा प्रजनन विधि (प्राकृतिक र कृत्रिम गर्भाधान), कृत्रिम गर्भाधान कार्यमा उपयोग हुने उपकरणहरुको नाम तथा प्रयोग विधि

३.९. पौष्टिक तत्वहरुको वर्गीकरण (कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, खनिज पदार्थ, पानी) र सन्तुलित दाना तयार गर्ने विधि

३.१०. उन्नत चरन घाँस तथा घाँस खेती तरीका

३.१०.१. भुँई घाँसः कोसे घाँस (स्टाइलो, बरसिम, बोडी, व्हाइट क्लोभर, रेडक्लोभर, कोटे, लुसर्न, डेस्मोडियम, केराउ, भेच) र अकोसे घाँस (नेपियर, सेटारिया, राइग्रास, कक्सफुट र जै)

३.१०.२. डाले घाँसः इपिल इपिल, वडहर, कोइरालो, टाँकी, काभ्रो, पाखुरी, किम्बु, दबदबे, बकाईनो र निभारो

३.११. घाँसपात संरक्षणः घाँस सुकाउने विधि (Hay), साईलेज (Silage) बनाउने विधि र महत्व

३.१२. पशुको गोठ र खोर व्यवस्थापन

३.१३. जैविक सुरक्षा (Bio-security) व्यवस्थापन

३.१४. विभिन्न पशुपन्छीको भाले, माउ तथा बच्चाको स्याहार सुसार

३.१५. दुग्ध, दुग्ध प्रशोधन र दुग्ध जन्य पदार्थ (बटर, पनिर, चिज, कुरौनी, घ्यू, आइसक्रिम, दही) बनाउने विधि

४. मत्स्य (Fishery)

४.१. माछाको शारीरिक बनावट, वाह्य र भित्रि अङ्गहरुको कार्यप्रणाली

४.२. नेपालमा व्यवसायिक रुपमा पालिएका स्वदेशी र विदेशी माछाहरु र तिनका आहारविहारबारे साधारण ज्ञान

४.३. मत्स्य पालनका विभिन्न प्रणालीहरुः मोनोकल्चर, पोलिकल्चर र एकीकृत मत्स्य पालन

४.४. मत्स्य पालन पद्धतिः पोखरी मत्स्य पालन (Pond fish culture), पिंजडामा मत्स्य पालन (Cage fish culture) तथा रेसवेमा मत्स्य पालन (Raceway culture)

४.५. मत्स्य पालनका तरिका (सधनताको आधारमा)

- ४.५.१. सामान्य मत्स्य पालन (Extensive culture)
- ४.५.२. अर्ध सघन मत्स्य पालन (Semi-intensive culture)
- ४.५.३. सघन मत्स्य पालन (Intensive culture)

४.६. एकीकृत मत्स्य पालन (Integrated fish culture) तथा व्यवस्थापन

- ४.६.१. धानखेतमा मत्स्य पालन (Rice - fish culture)
- ४.६.२. पशुपालन र मत्स्य पालन (Livestock and fish culture)
- ४.६.३. पशुपालन, फलफूल, तरकारी खेती र मत्स्य पालन (Livestock, Horticulture and fish culture)

४.७. मत्स्य पालनको लागि पोखरीको निर्माण गर्न उपयुक्त स्थलको छनौटका आधारहरु, पोखरी निर्माण गर्ने तरिका, ध्यान दिनुपर्ने कुराहरु र पोखरी व्यवस्थापन

४.८. मत्स्य पालनको लागि उपयुक्त पानी तथा माटोको गुणस्तरबारे साधारण ज्ञान

४.९. भाले र पोथी माउ पहिचान गर्ने तरिका तथा माउ माछाको व्यवस्थापन

४.१०. माछाको प्रजनन् विधिः प्राकृतिक, अर्ध–कृत्रिम तथा कृत्रिम प्रजननको तयारी तथा व्यवस्थापन तरिकाहरु

४.११. माछा भुरा ढुवानी गर्ने विधि

- ४.११.१. ढुवानी गरिने माछा भुरामा हुनुपर्ने गुणहरु
- ४.११.२. माछा भुरा ढुवानीको लागि कण्डिसनिङ्ग (Conditioning) र त्यसका फाईदाहरु
- ४.११.३. भुरा ढुवानी गरिने पानीको गुणस्तर
- ४.११.४. माछा भुरा प्याकेजिङ्ग गर्ने तरिका

४.१२. खानेमाछा उत्पादन व्यवस्थापनः

- ४.१२.१. पोखरीको तयारीः चून, मलखादको प्रयोग बारे जानकारी ।
- ४.१२.२. माछा भुरा स्टकिङ्ग (Stocking), संख्या निर्धारण र विभिन्न जातका माछा भुराको स्टकिङ अनुपात सम्बन्धी जानकारी

४.१३. माछा उत्पादनको लागि आवश्यक आहाराहरुको पौष्टिक तत्वबारे साधारण ज्ञान र त्यसको व्यवस्थापन

४.१४. माछाको वृद्धि जाँच (Growth check-up) तथा दैनिक हेरचाह

४.१५. माछाको प्रतिपक्षी जीवहरु (Predators), हानिकारक किराहरु एवं पानीमा उम्रने विभिन्न झारपातहरु (Aquatic weeds) र तिनीहरुको नियन्त्रणबारे ज्ञान

४.१६. माछामा लाग्ने रोगहरु, रोगका कारण, पहिचान र औषधोपचारका तरिकाहरु

४.१७. प्राकृतिक जलाशयमा मत्स्य पालनः

- ४.१७.१. ताल तथा रिजरभ्वायरहरुमा मत्स्य पालन प्रविधि
- ४.१७.२. इन्क्लोजर (Enclosure) मा मत्स्य पालन ।

४.१८. माछा उत्पादनोपरान्त संरक्षण प्रविधिहरु (post-harvest technologies) बारे जानकारी

४.१९. चिसो पानीमा मत्स्य पालन पद्धति र तरिकाहरु

४.२०. पानीमा घुलित अक्सिजनको कमीबाट हुने प्रमुख समस्याहरु र व्यवस्थापन

४.२१. माछा संरक्षण (Preservation) तथा प्रशोधन (Processing) प्रविधि

## प्रथम पत्रको प्रश्नसंख्या तालिका

प्रथम पत्रबाट यथासम्भव निम्नानुसार प्रश्नहरु सोधिनेछ।

| भाग | खण्ड | विषयबस्तु | परीक्षा प्रणाली | अङ्कभार | प्रश्नसंख्या×अङ्क |
|---|---|---|---|---|---|
| I | A | सामान्यज्ञान | बस्तुगत बहुवैकल्पिक प्रश्न | २० | १० प्रश्न×२अङ्क =२०अङ्क |
| | B | सार्वजनिक व्यवस्थापन | | २० | १० प्रश्न×२अङ्क =२०अङ्क |
| II | | सेवा सम्बन्धी ज्ञान | | ६० | ३० प्रश्न×२अङ्क =६० अङ्क |

प्रथम पत्रको भाग (Part II) सेवा सम्बन्धी ज्ञान विषयका एकाईवाट यथासम्भव निम्नानुसार प्रश्नहरु सोधिनेछ।

| एकाई | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| वस्तुगत प्रश्नसंख्या | ७ | ८ | ८ | ७ |

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको कृषि सेवा, (मत्स्य, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह) र स्थानीय सेवाको कृषि सेवा (भेटेरिनरी र लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह) सहायकस्तर पाँचौ तह, पशु स्वास्थ्य प्राविधिक र पशु सेवा प्राविधिक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

द्वितीय पत्र (Paper II): प्राविधिक विषय (Technical Subject)

खण्ड - क (Secction A): ५० अङ्क

१. पशुपन्छी तथा मत्स्य सेवा सम्बन्धी ज्ञान तथा कानूनी व्यवस्था

१.१. नेपालको संविधानमा कृषि तथा खाद्यसम्बन्धी व्यवस्था

१.२. स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएका कृषि तथा पशुपन्छी सम्बन्धी व्यवस्थाहरु

१.३. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र नियमावली, २०८० तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र नियमावली, २०८१ मा कर्मचारीको आचरण, विदा र सजाय सम्बन्धी व्यवस्था

१.४. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र पशु स्वास्थ्य तथा पशु सेवा नियामावली, २०५६

१.५. पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ र नियमावली, २०५७

१.६. दाना पदार्थ ऐन, २०३३ र नियमावली, २०४१

१.७. एक स्वास्थ्य रणनीति, २०७६

१.८. संघ, प्रदेश र स्थानीय तहका पशु सेवासँग सम्बन्धित संगठन संरचना, भूमिका तथा समन्वय

१.९. कर्णाली प्रदेशको चालु आवधिक योजनामा पशुपन्छी तथा मत्स्य पालन सम्बन्धी व्यवस्था

१.१०. नेपालको अर्थतन्त्रमा पशुपन्छी तथा मत्स्य विकासको महत्व

१.११. प्रदेश र स्थानीय तहमा पशुपन्छी तथा मत्स्य विकासका प्रमुख कार्यक्रमहरु

१.१२. पशुपन्छी तथा मत्स्य विकास कार्यक्रममा ऋण लगानी र बीमा सम्बन्धी व्यवस्था

१.१३. पशुपन्छी तथा मत्स्य बजारको अवधारणा, माग र आपूर्तिको नियम तथा उत्पादन लागत, बिक्रि मूल्य निर्धारण र नाफा नोक्सान

१.१४. पशुपन्छी तथा मत्स्य व्यवसाय विकासमा सरकारी, सहकारी तथा निजी क्षेत्रको भूमिका

१.१५. पशु सेवा प्रसारको तरिका, महत्व, सीमितता र प्रभावकारीता

१.१६. पशुपन्छी तथा मत्स्य विकासमा समूह पद्धति प्रकृया र कार्यान्वयन तथा अगुवा कृषक छनौटको आधार, भूमिका र परिचालन

१.१७. प्रदेश तथा स्थानिय तहमा तथ्याङ्कको महत्त्व, तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र प्रवाह

१.१८. पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वन स्तरमा सुपरिवेक्षण, अनुगमन एवं मूल्याङ्कनको भूमिका

१.१९. नेपालमा पशुपन्छी तथा मत्स्य पालनको महत्त्व, सम्भावना र प्रमुख समस्याहरु

१.२०. कर्णाली प्रदेशमा पशुपन्छी तथा मत्स्य पालनमा जलवायु परिवर्तनका असर र प्रभावहरु

२. भेटेरीनरी

२.१. आन्तरिक परजिवी (Internal Parasite): नाम्ले जुका (liver fluke), गोलो जुका (Round Worm), फित्ते जुका (Tape worm), कक्सिडियोसिस (Coccidiosis), रक्त परिजीवि (Blood protozoan diseases) का प्रमुख लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.२. बाह्य परजीवी (External Parasite): किर्ना (Tick), जुम्रा (Lice), उपियाँ (Fleas) तथा लुतो (Mange) का प्रमुख लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.३. प्रमुख जिवाणुजन्य रोगहरु (Bacterial Diseases): भ्यागुते रोग (Haemorrhagic Septicaemia), पटकेरोग (Anthrax), चरचरे रोग (Black-Quarter), इन्टेरोटोसेमिया (Entertoxemia), थुनेलो (Mastitis), क्षयरोग (Tuberculosis)कोलिव्यासिलोसिस (Colibacillosis), कुखुराको हैजा (Fowl Cholera), पुल्लोरम (Pullorum),

खुर कुहिने रोग (Foot Rot), ब्रुसेलोसिस (Brucellosis) तथा माइकोप्लाज्मोसिस (Mycoplasmosis) का लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.४. प्रमुख विषाणुजन्य रोगहरु (Viral Diseases): पि.पि.आर (PPR), एभियन ईन्फ्लुएन्जा (Avian Influenza), खोरेत (Foot & Mouth Disease), लम्पि स्किन रोग (Lumpy Skin Disease), रेविज (Rabies), स्वाईन फिभर (Swine Fever), कुखुराको विफर (Fowl Pox), गम्बोरो (Gumboro), रानीखेत (Ranikhet) तथा म्यारेक्स रोग (Mareks Disease) का लक्षण, निदान, उपचार तथा रोकथाम

२.५. निम्न प्रजनन सम्बन्धी विकृतिः कारण, लक्षण, उपचार तथा रोकथाम

२.५.१. साल नझर्ने (Retention of Placenta)

२.५.२. तुहिने (Abortion)

२.५.३. डिस्टोकिया (Dystokia)

२.५.४. बाँझोपन (Infertility)

२.६. जुनोटिक रोगहरु (Zoonotic diseases): दुधबाट सर्ने रोगहरु र मासुबाट सर्ने रोगहरु

२.७. पशुपन्छीमा भिटामिन र खनिजको कमि बाट हुने रोगहरु

२.८. गाइ भैंसीका मेटाबोलिक (Metabolic) रोगहरुः Milk fever, Ketosis र Downers cow syndrome

२.९. ढुसि तथा ढुसि जन्य पर्दाथबाट हुने रोगहरु

२.१०. पशुपन्छी बन्ध्याकरण

२.११. पशुपन्छीको नमुना संकलन, संरक्षण, कोडिङ तथा प्रयोगशालामा पठाउने विधि

२.१२. आधारभूत प्रयोगशाला उपकरणहरु तथा निर्मलीकरणका तरीकाहरु

२.१३. Epidemiological Reporting बारे जानकारी

२.१४. पाचन प्रणालीसंग सम्बन्धित रोगहरु (पखाला, अपच, कब्जियत, पेट ढाडिने, रुमेन एसिडोसिस)

## खण्ड - ख (Section-B):- ५० अङ्क

### ३. लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट

३.१. गाईका जातहरु, शारीरिक तथा उत्पादन विशेषताहरु

३.१.१. स्थानीय जातः अच्छामी, सिरी, लुलु, पहाडी गाई र चौरी

३.१.२. उन्नत जातः जर्सी, होलिस्टन फ्रिजियन, ब्राउन स्वीस र हरियाना

३.२. भैंसीका जातहरु, शारीरिक तथा उत्पादन विशेषताहरु

३.२.१. स्थानीय जातः लिमे, पारकोटे र गड्डी

३.२.२. उन्नत जातः मुर्रा

३.३. बाख्राका जातहरु, शारीरिक तथा उत्पादन विशेषताहरु

३.३.१. स्थानीय जातः च्याँग्रा, सिन्हाल, खरी र तराई बाखा

३.३.२. उन्नत जातः जमुनापारी, वोयर, बारबरी र सानन्,

३.४. भेडाका जातहरु, शारीरिक तथा उत्पादन विशेषताहरु

३.४.१. स्थानीय जातः भ्याङ्गलुङ्ग, बरुवाल, कागे र लामपुच्छ्रे

३.४.२. उन्नत जातः रामबुलेट, पोलवर्थ र मेरिनो

३.५. सुंगुरका जातहरु, शारीरिक तथा उत्पादन विशेषताहरु

३.५.१. स्थानीय जातः च्वाँचे, हुर्रा र बामपुड्के

३.५.२. उन्नत जातः ल्याण्डरेस, योर्कशायर, ह्याम्पशायर र ड्युरक

३.६. कुखुराका जातहरु, शारीरिक तथा उत्पादन विशेषताहरु

३.६.१. स्थानीय जातः साकिनी, घाँटी खुइले र प्वाँख उल्टे

३.६.२. उन्नत जातः न्यू हेम्पशायर, अष्ट्रालोर्प, ब्रोइलर, लेयर्स र गिरीराज

३.७. पोथी पशुमा भाले खोजेको लक्षण तथा प्रजनन् गराउने उपयुक्त समय

३.८. पशुपन्छीको प्रजनन् प्रणाली, ऋतु चक्र, प्रजननका लागि छनौट तथा प्रजनन विधि (प्राकृतिक र कृत्रिम गर्भाधान), कृत्रिम गर्भाधान कार्यमा उपयोग हुने उपकरणहरुको नाम तथा प्रयोग विधि

३.९. पौष्टिक तत्वहरुको वर्गीकरण (कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, खनिज पदार्थ, पानी) र सन्तुलित दाना तयार गर्ने विधि

३.१०. चरन विकासको तरिकाहरु तथा कर्णाली प्रदेशमा यसको सम्भावना र महत्त्व

३.११. उन्नत चरन घाँस तथा घाँस खेती तरीका

३.११.१. भुँई घाँसः कोसे घाँस (स्टाइलो, बरसिम, बोडी, व्हाइट क्लोभर, रेडक्लोभर, कोटे, लुसर्न, डेस्मोडियम, केराउ, भेच) र अकोसे घाँस (नेपियर, सेटारिया, राइग्रास, कक्सफुट र जै)

३.११.२. डाले घाँसः इपिल इपिल, वडहर, कोइरालो, टाँकी, काभ्रो, पाखुरी, किम्बु, दबदबे, बकाईनो र निभारो

३.१२. घाँसपात संरक्षणः घाँस सुकाउने विधि (Hay), साईलेज (Silage) बनाउने विधि र महत्व

३.१३. परालमा युरिया प्रयोग गर्ने विधि र उपयोगिता

३.१४. पशुको गोठ र खोर व्यवस्थापन

३.१५. जैविक सुरक्षा (Bio-security) व्यवस्थापन

३.१६. विभिन्न पशुपन्छीको भाले, माउ तथा बच्चाको स्याहार सुसार

३.१७. विभिन्न घरपालुवा पशुवस्तुहरुलाई नियन्त्रणमा लिने तरिकाहरु

३.१८. दुग्ध, दुग्ध प्रशोधन र दुग्ध जन्य पदार्थ (बटर, पनिर, चिज, कुरौनी, घ्यू, आइसक्रिम, दही) बनाउने विधि

४. मत्स्य (Fishery)

४.१. माछाको शारीरिक बनावट, वाह्य र भित्रि अङ्गहरुको कार्यप्रणाली

४.२. नेपालमा व्यवसायिक रुपमा पालिएका स्वदेशी र विदेशी माछाहरु र तिनका आहारविहारबारे साधारण ज्ञान

४.३. मत्स्य पालनका विभिन्न प्रणालीहरुः मोनोकल्चर, पोलिकल्चर र एकीकृत मत्स्य पालन

४.४. मत्स्य पालन पद्धतिः पोखरी मत्स्य पालन (Pond fish culture), पिंजडामा मत्स्य पालन (Cage fish culture) तथा रेसवेमा मत्स्य पालन (Raceway culture)

४.५. मत्स्य पालनका तरिका (सधनताको आधारमा)

४.५.१. सामान्य मत्स्य पालन (Extensive culture)

४.५.२. अर्ध सघन मत्स्य पालन (Semi-intensive culture)

४.५.३. सघन मत्स्य पालन (Intensive culture)

४.६. एकीकृत मत्स्य पालन (Integrated fish culture) तथा व्यवस्थापन

४.६.१. धानखेतमा मत्स्य पालन (Rice - fish culture)

४.६.२. पशुपालन र मत्स्य पालन (Livestock and fish culture)

४.६.३. पशुपालन, फलफूल, तरकारी खेती र मत्स्य पालन (Livestock, Horticulture and fish culture)

४.७. गाउँघरमा रहेका पुरानो पोखरीहरुमा माछा पालन तथा ब्यवस्थापन

४.८. मत्स्य पालनको लागि पोखरीको निर्माण गर्न उपयुक्त स्थलको छनौटका आधारहरु, पोखरी निर्माण गर्ने तरिका, ध्यान दिनुपर्ने कुराहरु र पोखरी व्यवस्थापन

४.९. मत्स्य पालनको लागि उपयुक्त पानी तथा माटोको गुणस्तरबारे साधारण ज्ञान

४.१०. भाले र पोथी माउ पहिचान गर्ने तरिका तथा माउ माछाको व्यवस्थापन

४.११. माछाको प्रजनन् विधिः प्राकृतिक, अर्ध–कृत्रिम तथा कृत्रिम प्रजननको तयारी तथा व्यवस्थापन तरिकाहरु

४.१२. माछा भुरा ढुवानी गर्ने विधि

४.१२.१. ढुवानी गरिने माछा भुरामा हुनुपर्ने गुणहरु

४.१२.२. माछा भुरा ढुवानीको लागि कण्डिसनिङ्ग (Conditioning) र त्यसका फाईदाहरु

४.१२.३. भुरा ढुवानी गरिने पानीको गुणस्तर

४.१२.४. माछा भुरा प्याकेजिङ्ग गर्ने तरिका

४.१३. खानेमाछा उत्पादन व्यवस्थापनः

४.१३.१. पोखरीको तयारीः चून, मलखादको प्रयोग बारे जानकारी ।

४.१३.२. माछा भुरा स्टकिङ्ग (Stocking), संख्या निर्धारण र विभिन्न जातका माछा भुराको स्टकिङ अनुपात सम्बन्धी जानकारी

४.१४. माछा उत्पादनको लागि आवश्यक आहाराहरुको पौष्टिक तत्वबारे साधारण ज्ञान र त्यसको व्यवस्थापन

४.१५. माछाको वृद्धि जाँच (Growth check-up) तथा दैनिक हेरचाह

४.१६. माछाको प्रतिपक्षी जीवहरु (Predators), हानिकारक किराहरु एवं पानीमा उम्रने विभिन्न झारपातहरु (Aquatic weeds) र तिनीहरुको नियन्त्रणबारे ज्ञान

४.१७. माछामा लाग्ने रोगहरु, रोगका कारण, पहिचान र औषधोपचारका तरिकाहरु

४.१८. माछा उत्पादनको मूल्यांकन गर्ने तरिका र माछाको बजार व्यवस्थापनका तरिकाहरु

४.१९. माछा मार्ने तथा समात्ने मुख्य उपकरणहरु र तरिका

४.२०. प्राकृतिक जलाशयमा मत्स्य पालनः

४.२०.१. ताल तथा रिजरभ्वायरहरुमा मत्स्य पालन प्रविधि

४.२०.२. इन्क्लोजर (Enclosure) मा मत्स्य पालन ।

४.२१. माछा उत्पादनोपरान्त संरक्षण प्रविधिहरु (post-harvest technologies) बारे जानकारी

४.२२. चिसो पानीमा मत्स्य पालन पद्धति र तरिकाहरु

४.२३. पानीमा घुलित अक्सिजनको कमीबाट हुने प्रमुख समस्याहरु र व्यवस्थापन

४.२४. माछा संरक्षण (Preservation) तथा प्रशोधन (Processing) प्रविधि

४.२५. मत्स्य पालनमा जैविक सुरक्षा (Bio-security) को महत्त्व

## द्वितीय पत्रको प्रश्नसंख्या तालिका

द्वितीय पत्रको एकाईहरुबाट यथासम्भव निम्नानुसार विषयगत प्रश्नहरु सोधिनेछ।

| खण्ड | Section-A | | Section-B | |
|---|---|---|---|---|
| एकाई | १ | २ | ३ | ४ |
| छोटो प्रश्न | २ | ४ | ४ | २ |
| लामो प्रश्न | १ | १ | १ | १ |

२. कम्प्युटर सीप परीक्षण (Computer Skill Test)

विषय: कम्प्युटर सीप परीक्षण (Computer Skill Test)

<table>
<tr><th>विषय</th><th>पूर्णाङ्क</th><th>विषयवस्तु शीर्षक</th><th>अङ्क</th><th>समय</th></tr>
<tr><td rowspan="6">कम्प्युटर सीप परीक्षण (Computer Skill Test)</td><td rowspan="6">१०</td><td>Nepali Typing</td><td>२ अङ्क</td><td>५ मिनेट</td></tr>
<tr><td>English Typing</td><td>२ अङ्क</td><td>५ मिनेट</td></tr>
<tr><td>Ms word</td><td>२ अङ्क</td><td rowspan="4">१० मिनेट</td></tr>
<tr><td>Electronic Spreadsheet</td><td>२ अङ्क</td></tr>
<tr><td>Presentation System</td><td>१ अङ्क</td></tr>
<tr><td>Windows basic, Email and Internet</td><td>१ अङ्क</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१० अङ्क</td><td>२० मिनेट</td></tr>
</table>

Contents

1. Ms word (0.5×2=1 Marks and 1×1=1 Mark)
   a. Creating, saving and opening documents
   b. Typing in Nepali and English
   c. Text formatting (Font, Size, Color, Underline, Italic, Bold, etc.) and paragraph formatting (alignment, indentation, spacing)
   d. Inserting Header, Footer, Page Number, Table, Pictures, Shapes, Hyperlink, Bookmark, Text Box and Symbol
   e. Page Formatting
   f. Security Techniques of Document
   g. Mail merge

2. Electronic Spreadsheet (0.5×2=1 Marks and 1×1=1 Mark)
   a. Organization of Electronic Spreadsheet applications (Cells, Rows, Columns, Worksheet, Workbook and Workspace)
   b. Creating, Opening and Saving Work Book
   c. Editing, Copying, Moving, Deleting Cell Contents
   d. Formatting Cells (Font, Border, Pattern, Alignment, Number, Protection, Margins and text wrap)
   e. Formatting Rows, Column and Sheets
   f. Using Formula with Relative and Absolute Cell Reference
   g. Using Basic Functions (SUM, MAX, MIN, AVERAGE)

3. Presentation System (0.5×2=1 Marks)
   a. Introduction to presentation application
   b. Creating, Opening & Saving Slides
   c. Formatting Slides, Slide design, Inserting header & footer
   d. Slide Show, hyper link
   e. Animation
   f. Inserting Built-in picture, Picture, Table, Chart, Graphs, and Organization Chart etc.

4. Windows basic, Email and Internet (0.5×2=1 Marks)
   a. Introduction to Graphical User Interface
   b. Starting and shutting down Windows
   c. Basic Windows elements: Desktop, Taskbar, My Computer, Recycle Bin etc.
   d. Concept of file, folder, menu, toolbar
   e. Searching files and folders
   f. Internet browsing & searching content in the web
   g. Creating Email ID, Using email and mail client tools

## अंग्रेजी र नेपाली Typing Skill Test को लागि निर्देशन

१. नेपाली typing skill test को लागि १५० शब्दको एउटा text दिइनेछ र देहाय अनुसार अङ्क प्रदान गरिनेछ।

| शुद्ध शब्द प्रतिमिनेट (Correct words/minute) | पाउने अङ्क |
|---|---|
| ४ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |
| ४ वा सो भन्दा बढी र ७ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.२५ अङ्क |
| ७ वा सो भन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| १० वा सो भन्दा बढी र १३ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १३ वा सो भन्दा बढी र १६ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| १६ वा सो भन्दा बढी र १९ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| १९ वा सो भन्दा बढी र २२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| २२ वा सो भन्दा बढी र २५ भन्दा कम शुद्धशब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| २५ वा सो भन्दा बढी शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |

२. English typing skill test को लागि २०० शब्दको एउटा text दिइनेछ र देहायअनुसार अङ्क प्रदान गरिनेछ।

| शुद्ध शब्द प्रतिमिनेट (Correct words/minute) | पाउने अङ्क |
|---|---|
| ४ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |
| ४ वा सो भन्दा बढी र ८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.२५ अङ्क |
| ८ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| १२ वा सो भन्दा बढी र १६ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १६ वा सो भन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| २० वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| २४ वा सो भन्दा बढी र २८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| २८ वा सो भन्दा बढी र ३२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| ३२ वा सो भन्दा बढी शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |

३. नेपालीमा दिइएको text लाई अनिवार्य रुपमा युनिकोड (रोमानाइज्ड वा ट्रेडिसनल) मा टाइप गर्नुपर्नेछ।

४. अंग्रेजी र नेपाली typing मा दिइएको text लाई आधारमानी टाइप गरेको text सँग भिडाई परीक्षण गरिनेछ। दिइएको अंग्रेजी वा नेपाली text मा उल्लेखित स्थान बमोजिम परीक्षार्थीहरूले आफ्नो text मा punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिनेछैन। तत्पश्चात, निम्न formula प्रयोग गरी शुद्ध शब्द प्रतिमिनेट (correct words/minute) निकालिनेछ।

Formula: शुद्ध शब्द प्रतिमिनेट (Correct words/minute) = $\frac{(\text{Total words typed} - \text{Wrong words})}{5}$